महाशिला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ५ मितिः २०८१/०६/३०

**भाग-२**

**महाशिला गाउँपालिका**

## महाशिला गाउँपालिकाको
## महाशिला गाउँपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धि कार्यविधि, (पहिलो संशोधन) २०८१

*गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :२०८१।०६।०१*

**प्रस्तावना :**

महाशिला गाउँपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने समवन्धि कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनिय भएकोले नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम महाशिला गाउँ कार्यपालिकाले यो कार्यविधि संशोधन गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम **"महाशिला गाउँपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि (पहिलो संशोधन) २०८१"** रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको निर्णय भएको मिति देखि लागू हुनेछ।

**२. महाशिला गाउँपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने समवन्धी कार्यविधि, २०७५ को दफा ४, उपदफा ३ को (क) मा देहाय बमोजिम संशोधन गरी (ङ) थप गरिएको:**

**३. छनौट सम्वन्धी व्यवस्था :**

(क) शैक्षिक योग्यता वापत १५ (पन्ध्र) अंक, (विशिष्ट श्रेणी वापत १५, प्रथम वापत १२, द्धितीय वापत १० र तृतीय वापत ८, (त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा) । साथै उपल्लो शैक्षिक योग्यता वापत १५ अंक, (विशिष्ट श्रेणी वापत १५, प्रथम वापत १२, द्धितीय वापत १० र तृतीय वापत ८, (त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा)  प्रदान गरिनेछ ।

(ङ) लिखित परीक्षा ३० अंकको रहनेछ । सो परीक्षा गण्डकी प्रदेश लोकसेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम अनुसार सञ्चालन गरिनेछ ।

**आज्ञाले,**
अभिनय अधिकारी
प्रमुख प्रशासकिय अधिकृत